# लोक सेवा आयोग

## पारिश्रमिक दररेट

(१) **प्रश्नपत्र निर्माण**

१.१ विभिन्न श्रेणीका प्रश्नपत्र निर्माणको पारिश्रमिक निम्न बमोजिम दिने ।

(क) राजपत्राकिंत सबै सेवा समूह र तहको विषयगत प्रश्नको १ सेट प्रश्न बनाए बापत देहाय अनुसारको एकमुष्ट पारिश्रमिक दिने

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | पूर्णाङ्क १०० को प्रश्नपत्र निर्माण बापत | रु.३०००।- |
| २ | पूर्णाङ्क ५० को प्रश्नपत्र निर्माण बापत | रु.२०००।- |
| ३ | पूर्णाङ्क ५० भन्दा कमको प्रश्न निर्माण बापत | रु.१५००।- |
| ४ | समस्या समाधानको विषयगत बस्तुगत दुवैको प्रश्न बनाए बापत एकमुष्ट | रु.२०००।- |
| ५ | रा.प.तृ श्रेणी सामूहिक छलफलको समस्या मूलक प्रश्ननिर्माण बापत | रु.१०००।- |
| ६ | रा.प.तृतीय श्रेणी वा सो सरहका बस्तुगत बहुउत्तर प्रश्न निर्माण बापत प्रति प्रश्न (आइ.क्यू सहित) | रु.७५।- |

**द्रष्टव्य** :- (रा.प.तृ.श्रेणीको लागि Marking Scheme पनि संलग्न हुनुपर्छ) ।

(ख) रा.प.अनंकित सबै पदको विषयगत (छोटोछोटो प्रश्नको उत्तर सहित) प्रश्न बनाए बापत रु.१०००।-

(ग) रा.प.अनं. सबै पदको बस्तुगत बहुउत्तर प्रश्न निर्माण बापत प्रति प्रश्न रु.४०।-

(घ) तोकिएको समयभित्र प्रश्न निर्माण गरी बुझाउने प्रश्न निर्मातालाई २० प्रतिशत थप पारिश्रमिक दिने ।

(२) **प्रश्नपत्र मोडरेशन :**

सबै तह र श्रेणीका प्रश्नपत्रको मोडरेशन गर्दा वस्तुगत र उत्तर संलग्न गर्नु नपर्ने विषयगत प्रश्नका हकमा प्रश्न निर्माणको पारिश्रमिकको २५% र उत्तर संलग्न गर्नुपर्ने विषयगत प्रश्नको हकमा प्रश्न निर्माणको पारिश्रमिकको ५०% का दरले तयार भएको प्रति सेट प्रश्नपत्रको हिसावले प्रत्येक प्रश्न परिमार्जनकर्ता(मोडरेटर) लाई पारिश्रमिक दिने । वस्तुगत बहुउत्तर प्रश्नको र छोटो उत्तर दिने प्रश्नको उत्तर पनि मोडरेशन गरी अनिवार्य रुपमा उत्तर तयार गर्ने । प्रश्न निर्माताबाट प्राप्त मोडरेशनमा प्रयोग भएका प्रश्नहरु समेत पद र विषय छुट्याई सुरक्षासाथ प्रश्न बैंकमा राख्ने ।

मोडरेशन गर्दा कुनै प्रश्न स्तर नसुहाउँदो वा अपूरो वा उत्तर संलग्न गर्नुपर्नेमा नगरी पठाएको पाइएमा त्यस्तो प्रश्न निर्माताको संकेत उल्लेख गरी प्रश्न परिमार्जनकर्ता (मोडरेटर) ले सम्माननीय अध्यक्षज्यू समक्ष प्रतिवेदन दिने र त्यस्तो प्रश्न निर्माताको नाम प्रश्न निर्माण गर्ने दक्षको नामाबलीबाट हटाउने । प्रश्न परिमार्जन गर्दा आवश्यक प्रश्नको सेट संख्या नपुग हुने अवस्था आई नयाँ प्रश्नको सेट तत्कालै निर्माण गर्नुपरेमा त्यस्तो प्रश्नको सेट वा इकाई तयार गर्ने परिमार्जनकर्तालाई प्रश्नपत्र परिमार्जन इकाईबाटै सम्माननीय अध्यक्षज्यूमा जानकारी गराई प्रश्नपत्र निर्माणको पूरा सेट वा प्रति इकाईको पारिश्रमिक दिने ।

## (३) परीक्षा सञ्चालन :

३.१ परीक्षा सञ्चालन गर्दा परीक्षामा संलग्न कर्मचारीलाई निम्न बमोजिम पारिश्रमिक दिने ।

१. लिखित तथा प्रयोगात्मक परीक्षा

| | रा.प.अनं.तर्फ | रा.प. तर्फ |
|---|---|---|
| परीक्षा सुपर्यवेक्षक | रु. ५३०।- | रु. ८००।- |
| परीक्षा नियन्त्रक | रु.५३०।- | रु.८००।- |
| केन्द्राध्यक्ष | रु.४६०।- | रु.७००।- |
| उप-केन्द्राध्यक्ष | रु.३८०।- | रु.५२०।- |
| सहायक केन्द्राध्यक्ष | रु.२४०।- | रु.३८०।- |
| निरीक्षक | रु.१६०।- | रु.२७०।- |
| ज्यामी/परिचर | रु.८०।- | रु.१३०।- |
| सवारी चालक | रु.१५०।- | रु.२३०।- |
| व्यवस्था सहायक (समन्वयकर्ता) | रु.२३०।- | रु.३५०।- |
| प्रहरी तर्फ :- | | |
| प्रहरी निरीक्षक | रु.१००।- | रु.१५०।- |
| प्र.ना.निरीक्षक | रु. ९५।- | रु.१३०।- |
| प्र.स.नि. | रु.८५।- | रु.१२०।- |
| प्रहरी हवल्दार | रु.८०।- | रु.११०।- |
| प्रहरी जवान | रु.६५।- | रु. ९०।- |

सार्वजनिक विदाका दिनमा परीक्षा भएमा उक्त दरमा थप ५०% रकम पारिश्रमिक दिने ।

परीक्षा सुपर्यवेक्षक तोक्ने निर्णय सामान्यतया आयोगका सचिवबाट हुने छ । दुई वा सो भन्दा बढी परीक्षा केन्द्र भए १ जना परीक्षा नियन्त्रक राख्ने र काठमाडौं उपत्यका बाहेक अन्यत्र एकभन्दा बढी जिल्लामा परीक्षा केन्द्र कायम गर्नु परेको खण्डमा प्रत्येक जिल्लामा एकजना परीक्षा नियन्त्रकको व्यवस्था गर्ने ।

सीट प्लान गर्दा समन्वयकर्ताले उप-केन्द्राध्यक्षको निर्देशनमा सिटप्लान गर्ने र उपकेन्द्राध्यक्षले सीटप्लानको एक प्रति कोठामा राख्ने र एक प्रति केन्द्राध्यक्षलाई दिने व्यवस्था गर्ने ।

३.२ प्रयोगात्मक परीक्षा

प्रयोगात्मक परीक्षा लिंदा सवारी चालक बाहेक अन्य पदको लागि दक्ष बोलाइएको अवस्थामा निजलाई रु.५५०।- पारिश्रमिक दिने । तर अन्तर्वार्ता लिदा नै प्रयोगात्मक परीक्षा लिने दक्षलाई श्रेणी अनुसारको अन्तर्वार्ताका दक्षलाई तोकिएको पारिश्रमिक मात्र दिने ।

तर राजपत्र अनंकित पदको एक शिफ्ट भन्दा बढी शिफ्ट प्रयोगात्मक परीक्षा लिनु परेमा प्रत्येक शिफ्टको लागि थप रु.२५०।- का दरले दिने । यसरी दिंदा एक दिनको अधिकतम रु.१,०५०।- सम्म पारिश्रमिक दिने । अधिकृत स्तरको प्रयोगात्मक परीक्षाको लागि न्यूनतम रु.७५०।- र प्रत्येक शिफ्ट रु.३००।- ले थप्दै अधिकतम रु.१३५०।- सम्म एक दिनको पारिश्रमिक दिने । प्रयोगात्मक परीक्षा स्थलमै अंक प्रदान गरेकोमा त्यस्तो दक्ष लाई उक्त रकममा २५% थप दिने ।

सवारी चालक पदको प्रतियोगितात्मक परीक्षा लिने दक्षलाई रु.४५०।- पारिश्रमिक दिने ।

## (४) उत्तरपुस्तिका परीक्षण :

४.१ विषयगत उत्तरपुस्तिका परीक्षण गर्दा प्रत्येक प्रश्नको वेग्लै उत्तरपुस्तिका भएको निम्न श्रेणीका उत्तरपुस्तिका परीक्षण बापत निम्न बमोजिम पारिश्रमिक दिने ।

| लिखित परीक्षाको श्रेणी | पारिश्रमिक | न्यूनतम |
|---|---|---|
| १. रा.प.प्रथम श्रेणी/ दशौं, एघारौं र बाह्रौ तह | रु.२५।- | रु.७५०।- |
| २. रा.प.द्वितीय श्रेणी/ आठौं र नवौं तह | रु.२०।- | रु.६५०।- |
| ३. रा.प.तृ. श्रेणी/ छैटौं र सातौं तह | रु.१८।- | रु.५००।- |
| ४. एउटै उत्तरपुस्तिकामा धेरै प्रश्नका उत्तरहरु समावेश भएका उत्तरपुस्तिकाहरु परीक्षण गर्दा देहाय बमोजिम पारिश्रमिक दिने | | |
| (क) रा.प.प्रथम, द्वितीय श्रेणी प्राविधिक तथा र स्वास्थ्य सेवा नवौं र सो भन्दा माथिल्लो तहको ५ वा सो भन्दा बढी प्रश्नका उत्तरहरु समावेश भएको र राजपत्रांकित प्रथम र द्वितीय श्रेणीको ५० पूर्णाङ्कको एकै प्रश्नको उत्तर भएको उत्तरपुस्तिका परीक्षण बापत | रु.४५।- | रु.९००।- |
| ५. रा.प.तृतीय श्रेणी र प्राविधिक सातौं, आठौं तहको धेरै प्रश्नका उत्तरहरु समावेश भएको उत्तरपुस्तिका परीक्षण बापत | रु.३५।- | रु.७००।- |
| ६. अन्तिम चरणको विषयगत उत्तर पुस्तिकाको प्रति उत्तरपुस्तिका | रु.२५।- | रु.५००।- |
| ७. आयोगमा आई उत्तरपुस्तिका परीक्षण गर्दा परिवहन खर्च बापत | रु.५००।- | |
| ८. रा.प.अनं. सबै श्रेणी/तह | रु.१७।- | रु.३४०।- |
| ९. टाइप र कम्प्यूटर सम्बन्धी प्रयोगात्मक परीक्षा | रु.२७।- | रु.५४०।- |
| १० तोकिएको समयमा उत्तरपुस्तिका परीक्षण गरी ल्याएमा उपर्युक्त दरमा २०% थप दिने । | | |
| ११ राजपत्रांकित तृतीय श्रेणीको अन्तिम चरणको मनोवैज्ञानिक व्यक्तित्व परीक्षण तर्फको प्रति बस्तुगत उत्तरपुस्तिका | रु.४।- | |
| १२ आयोगमा दक्ष बोलाई आयोगमै उत्तरपुस्तिका परीक्षण गराइएमा प्रतिदिन बढीमा रु.२००।- सम्मको खाजाको व्यवस्था गर्ने । | | |

४.२ बस्तुगत उत्तरपत्र परीक्षण :

मनोवैज्ञानिक व्यक्तित्व परीक्षणको र बस्तुगत उत्तरपत्रको परीक्षण गर्दा निम्न बमोजिम पारिश्रमिक दिने ।

| विवरण | कार्यालयमा गर्दा | | | कार्यालय बाहिर गर्दा | | |
|---|---|---|---|---|---|---|
| | चेक | रिचेक | अन्तिम चेक | चेक | रिचेक | अन्तिम चेक |
| २५ प्रश्नसम्मको उत्तरपत्र | १।५० | १।५० | १।५० | ६।- | ६।- | ६।- |
| ५०प्रश्नसम्मको उत्तरपत्र | ३।०० | ३।०० | ३।०० | १०।- | १०।- | १०।- |
| १००प्रश्नसम्मको उत्तरपत्र | ५।०० | ५।०० | ५।०० | १३।- | १३।- | १३।- |

यसरी कार्यालयमा वस्तुगत उत्तरपत्र परीक्षण गराउंदा धेरै गल्ती गर्नेलाई वा ठूलो गल्ती गर्नेलाई सचेत गराउने, केही समयको लागि परीक्षण गर्न नदिने, सधैका लागि परीक्षण गर्न नदिने व्यवस्था केन्द्रीय कार्यालयमा सचिवले र क्षेत्रीय कार्यालय र अञ्चल कार्यालयमा ती कार्यालयका प्रमुखले  गर्ने ।

(५) अन्तर्वार्ता :

५.१ ५ जनासम्मको अन्तर्वार्ता लिंदा अन्तर्वार्ता समितिमा रहने दक्ष तथा अन्तर्वार्ता समितिमा अध्यक्ष तथा सदस्यका रुपमा रहने आयोगका वा अन्यत्रका अधिकृतलाईपनि निम्न बमोजिम पारिश्रमिक दिने, राजपत्रांकित तृतीय श्रेणी अप्राविधिकतर्फको सामूहिक छलफलमा बस्ने दक्ष र आयोगका अधिकृतलाई पनि सोही बमोजिम पारिश्रमिक दिने । ५ जना भन्दा बढी उम्मेदवार भएमा तोकिएको दरमा २५% थपका दरले पारिश्रमिक दिने ।

| अन्तर्वार्ता हुने श्रेणी | दक्ष |
|---|---|
| १. रा.प.प्रथम, सहसचिव/एघारौं, बाऱ्हौ तह | १,२००।- |
| २. रा.प.द्वितीय, उपसचिव /नवौं र दशौं तह | १,१००।- |
| ३. रा.प.तृतीय, शाखा अधिकृत/छैठौं, सातौं र आठौं तह | ९००।- |
| ४. राजपत्र अनंकित सबै श्रेणी/तह | ६००।- |

(६) दस्तुर तथा शुल्क

आयोगबाट विभिन्न कामको सिलसिलामा लिइने दस्तुर, शुल्क आदिलाई निम्नबमोजिम कायम गर्ने

६.१ दरखास्त दस्तुर निम्नबमोजिम कायम गर्ने ।

| क्र.सं. | विवरण | रकम रु |
|---|---|---|
| १ | राजपत्रांकित प्रथम श्रेणी/एघारौं र बाऱ्हौ तह | १०००।- |
| २. | राजपत्रांकित द्वितीय श्रेणी/नवौं र दशौं तह | ८००।- |
| ३ | आठौं तह | ७००।- |
| ४ | सातौं तह | ६५०।- |
| ५ | राजपत्रांकित तृतीय श्रेणी/छैठौं तह | ५००।- |
| ६ | राजपत्रांकित तृतीय श्रेणी (प्रारम्भिक परीक्षा) | ३००।- |
| ७ | राजपत्र अनंकित प्रथम श्रेणी/पांचौ तह | २५०।- |
| ८ | राजपत्र अनंकित द्वितीय श्रेणी/चौथो तह | २००।- |
| ९ | राजपत्र अनंकित तृतीय श्रेणी/तृतीय तह | १५०।- |
| १० | राजपत्र अनंकित चतुर्थ श्रेणी | १००।- |
| ११ | टाइपिष्ट | १५०।- |
| १२ | सवारी चालक | १५०।- |
| १३ | पियन | १००।- |
| १४ | अन्तर्वार्ता मात्र हुने पद भएमा माथि उल्लेखित दरखास्त दस्तूरको ७५% | |

६.२ समान श्रेणीका विभिन्न पदका परीक्षामा केही विषयको संयुक्त परीक्षा हुने गरी विज्ञापन भएकोमा प्रति थप पत्रको लागि निम्नबमोजिम परीक्षा दस्तूर लिने ।

| क्र.सं. | विवरण | रकम रु |
|---|---|---|
| १ | राजपत्रांकित प्रथम श्रेणी/एघारौं र बाऱ्हो तह | ३००।- |
| २. | राजपत्रांकित द्वितीय श्रेणी/नवौ र दशौं तह | २००।- |
| ३ | राजपत्रांकित तृतीय श्रेणी/छैठौं, सातौं र आठौं तह | १५०।- |

| | | |
|---|---|---|
| ४. | राजपत्र अनंकित प्रथम श्रेणी/पांचौं तह | १००।- |
| ५. | राजपत्र अनंकित द्वितीय श्रेणी/चौथौ तह | ७५।- |
| ६. | राजपत्र अनंकित तृतीय श्रेणी/तेस्रो तह | ३०।- |

६.३ प्राप्ताङ्क पुनर्योगका लागि निवेदन दिदा दरखास्त दस्तूरको आधा रकम दस्तूरको रुपमा लिने ।

६.४ प्रारम्भिक परीक्षा उत्तीर्ण गरेको निस्साको प्रतिलिपि दिनु पर्दा रु.५०।- (पचास) दस्तूर लिने ।

६.५ आयोगबाट दिइएको प्रवेशपत्र हराएमा फोटोसहित निवेदन दिएमा रु.३०।- लिई प्रतिलिपि प्रवेशपत्र दिने ।

एक दिन मात्र परीक्षा हुनेमा वा एकभन्दा बढी दिन परीक्षा हुनेमा परीक्षा हुने दिनको पहिलो दिन प्रवेशपत्र नलिई आएमा रु.३०।- सहित निवेदन लिई परीक्षामा सम्मिलित गराउने ।

पहिलो दिन प्रवेशपत्र ल्याएको तर पछिका दिनमा ल्याउन छुटाएमा हरेक दिनको रु. १०।- सहित निवेदन लिई परीक्षामा वस्न दिने ।

एक ठाउंमा दरखास्त बुझाई अर्को ठाउंमा परीक्षा केन्द्र राखी परीक्षा दिने उम्मेदवारले प्रवेशपत्र हराएमा २ प्रति फोटो र तीन पुस्ते सहितको नाम नामेसी नेपाल सरकारको राजपत्रांकित अधिकृतबाट प्रमणित गराई रु.१००।- दस्तूर सहित निबेदन दिएमा त्यसका आधारमा परीक्षामा सम्मिलित गराउने ।

६.६ क्रिया बस्नु परेको वा सुत्केरी भएको अवस्था बाहेक अन्य अवस्थामा छुट वा अग्रीम अन्तर्वार्ता लिंदा देहाय बमोजिमको दस्तूर लिने ।

| | | |
|---|---|---|
| (क) | राजपत्रांकित - | रु.१,०००।- |
| (ख) | राजपत्र अनंकित - | रु. ३५०।- |

६.७ बढुवा उजूरीको निवेदन लिंदा निम्न बमोजिमको दस्तूर लिने ।

| | | |
|---|---|---|
| (क) | राजपत्रांकित पदको बढुवाको लागि - | रु.१,०००।- |
| (ख) | राजपत्र अनंकित पदको बढुवाको लागि - | रु. ५००।- |